"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : २०८०/०८१.
चलानी नं. :

मिति : २०८०/११/१०

## साना सिंचाई प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव माग गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस नगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक संघीय सशर्त कृषि विकास कार्यक्रम अन्तर्गत साना सिंचाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न "प्रदेश तथा स्थानीय तहमा वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८०" बमोजिम यस नमोबुद्ध नगरपालिका भित्र दर्ता भई संचालनमा रहेका ईच्छुक कृषक, कृषि फर्म/कम्पनी, कृषक समुह, सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात मिति २०८०/११/२५ गते भित्र तपसिल बमोजिमका आवश्यक कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | बजेट रु. | गर्न सकिने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १. | साना सिंचाई प्रवर्द्धन कार्यक्रम (अधिकतम ३ लाख नबढ्ने गरी लागत अनुमानको ५०% अनुदान) | १ (पटक) | ७,७५,०००।- | १.साना सिंचाई पुर्वाधार निर्माण/स्तरोन्नती तथा मर्मत सम्भार । २. सिंचाई पोखरी, ईनार, कुवा, प्लाष्टिक पोखरी, सिंचाई पाइप., मोटर, नवीन सिंचाई प्रविधि(थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई) आदि । |

**आवश्यक कागजातहरुः**

१. नगरपालिकाले तयार गरेको अनुदानको लागि पेश गर्ने ढाँचामा निवेदन ।
२. कृषि फर्म/कम्पनी, कृषक समुह, सहकारी संस्थाहरुले संस्था दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. कृषक समुह/सहकारी संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपी ।
४. सिंचाईबाट लाभान्वित हुने कृषकको नागरिकता प्रमाणपत्र र जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी तथा जमीन भाडामा लिई खेती गर्नेको हकमा कम्तीमा ५ वर्ष करार सम्झौता पत्रको प्रतिलिपी ।
५. संचालन गर्न चाहेको सिंचाई योजनाको अनुमानित लागत अनुमान ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

थप जानकारीको लागिः
नमोबुद्ध नगरपालिका कृषि विकास शाखामा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।(९८६८७०६९१०)
नोटः प्रस्ताव निवेदनहरु बजेटको हदभन्दा अधिक भएमा "साना सिंचाई कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" बमोजिम मूल्यांकन गरी छनौट गरिनेछ ।

ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत